"समुन्नत, सुरक्षित र वातावरण मैत्री सुन्दर शहर: सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

# तिलोत्तमा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ नगरपालिका"

प.सं.
च.नं.

## माछापोखरी लिजमा दिने कार्यको दरभाउपत्र आह्वान सम्बन्धी १५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८२/०४/२३

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ तथा तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को परिच्छेद १२ तथा तिलोत्तमा नगरपालिकाको सरकारी जग्गा लिजमा उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०७६ को दफा ५ र दफा ६ (च) बमोजिम पाँच आर्थिक वर्षका (२०८२/०८३ देखि २०८६/०८७ सम्म) का लागि तिलोत्तमा नगरपालिका वडा नं १० र १७ को सिमानमा रहेको सार्वजनिक पोखरीलाई लिजमा दिनुपर्ने भएको हुँदा देहायको शर्तको अधिनमा रही कार्य गर्न ईच्छुक व्यक्ति/फर्मबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

**शर्तहरु**

१ निवेदन साथ एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको आन्तरिक आय खाता नं.1052055499599012 मा रु.१०००।- (फिर्ता नहुने गरि) जम्मा गरेको नगदी रसिद वा सक्कलै भौचर, व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा फर्म भएमा फर्म दर्ताको प्रमाणपत्र, आ.व.२०८०/०८१ को आयकर चुक्ता प्रमाणपत्र संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय सम्म यस कार्यालयको राजस्व शाखाबाट बोलपत्र फाराम लिन गर्न सकिनेछ ।

२ न्युनतम अंक देहाय बमोजिम रहेको छ । हरेक दुई/दुई वर्षमा शुरु कबोल रकमको १०% का दरले लिज रकम बृद्धि हुनेछ । दरभाउपत्र दाखिला गर्दा आँफुले बुझाउन कबोल रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

विवरण

| ठेक्का नं. | कामको विवरण | वार्षिक न्युनतम लिज अंक रु. | धरौटी रु. | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| आय-१६।२०८२।०८३ | करिब १० कठ्ठा क्षेत्रफलको सार्वजनिक पोखरी लिजमा लिई माछापालन गर्ने कार्य | ६५,०००।- | कबोल रकमको ५% ले हूने रकम | १,०००।०० |

३ दरभाउसाथ आँफुले कबोल गरेको अंकको ५% ले हुने धरौटी रकम यस कार्यालयको एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको धरौटी खाता नं.A5CA549959952403 मा जम्मा गरेको सक्कलै भौचर वा ९० दिनको म्याद भएको बैंक जमानत संलग्न गर्नुपर्नेछ ।

४ पत्रिकामा सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२.०० बजेभित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गर्नुपर्नेछ । सोही दिनको २.०० बजे यसै कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा दरभाउपत्र खोलिने छ । प्रतिनिधि उपस्थित नभएमा नियमानुसार सोही समयमा खोल्न बाधा पर्नेछैन ।

५ बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट दर्ता गर्न सकिनेछ । कार्यालयबाट प्रमाणित नभएको, रीत नपुगेको र म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

६ दरभाउपत्रदाता स्वीकृत भएका दरभाउपत्रदाताले लिज सम्झौताका गर्दाका बखत आँफुले बुझाउन कबोल गरेको पहिलो आ.व.को लिज रकम एकमुष्ठ रुपमा दाखिला गर्नुपर्नेछ । त्यसै गरि प्रत्येक आ.व.को श्रावण मसान्त भित्र तोकिएको लिज रकम दाखिला गरि सम्झौता नविकरण गर्नुपर्नेछ । तोकिएको समयमा लिज

रकम दाखिला हुन नआएमा सम्बन्धित आ.व.को लिज रकममा वार्षिक १०% का दरले हर्जाना थप गरि सम्झौता नविकरण गरिनेछ ।

७ लिज अवधि पाँच वर्ष अर्थात २०८७ आषाढ मसान्त सम्म हुनेछ । तर सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोड्न पनि सक्नेछ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाईने छैन । सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

८ बन्द, हडताल जस्ता कारण जनाई लिजमा कुनै प्रकारका छुट वा मिनाहा दावी गर्न पाईने छैन । तर काबु बाहिरको परिस्थिति परेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

९ लिज सम्झौता गरेका दरभाउपत्रदाताले पोखरीको सरसफाई तथा संरक्षण गर्ने, डिल व्यवस्थित गर्ने, बोटबिरुवा लगाई हराभरा पारी सौन्दर्यकरणको कार्य कार्य गर्नुपर्नेछ । स्थानीय समुदायलाई हानी नोक्सानी हुने कुनै क्रियाकलाप गर्न पाईने छैन । सम्बन्धित वडा कार्यालयसंग समन्वय गरि कार्य गर्नुपर्नेछ ।

१० यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ । थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र आर्थिक प्रशासन शाखा तथा राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

गंगाराम आचार्य
उपसचिव (निजामती)
विनियुक्त प्रमुख प्रशासकीय अधिकृत